# प्रेस विज्ञप्ती

सहरी विकास तथा भवन डिभिजन कार्यालय इलाम मार्फत कनकाई नगरपालिका सुरुङगा बजार क्षेत्रमा निर्माणाधिन प्राथमिक स्वास्थ्य केन्द्रको भवनको गुणस्तारीयता सम्बन्धमा सम्बन्धित सरोकारवाला तथा नगरवासीहरुले देखाउनु भएको चासो प्रति कनकाई नगरपालिका, नगरकार्यापालिकाको कार्यालयको ध्यान आकर्षित भएको छ।

यस नगरपालिका क्षेत्र भित्र निर्माणाधिन उक्त भवनको गुणस्तारीयता कायम होस भन्ने हेतुले नगरपालिकाबाट यस अघि औपचारिक तथा अनौपचारीक रुपमा अनुगमन गरी पृष्ठपोषण दिने कार्य हुदैं आएको थियो तर पछिल्लो केही समयको विचमा कार्यव्यस्तताको कारण अनुगमनमा कमी आएको समयमा सम्बन्धित निर्माण कम्पनीबाट तोकीएको मापदण्ड विपरित गुणस्तरहिन कार्य भएको भनी सचेत नगरवासीबाट गुनासो आए पश्चात नगरपालिकावाट सम्बन्धित सरोकारवालाहरु समेतको उपस्थितिमा अनुगमन गर्दा गुणस्तरहिन तथा लापरवाहीपूर्ण कार्य सम्बन्धित निर्माण कम्पनीबाट भएको प्रारम्भीक रुपमा देखियो। सो सम्बन्धमा के भएको हो भनि शहरी विकास तथा भवन डिभिजन कार्यलयसंग मौखिक तथा लिखित रुपमा पत्रचार भएको छ। उक्त कार्यालयबाट सो सम्बन्धमा यस कार्यालयलाई जानकारी प्राप्त हुनेनै छ। साथै यस नगरपलिकामा निर्वाचित पदाधिकारी आए पश्चात नगरपालिकाको नव निर्मित भवनको पुर्ण गुणस्तर परीक्षण भए पश्चात मात्र भुक्तानी गर्ने गरी गुणस्तर परिक्षण भई रहेको व्यहोरा समेत सम्पुर्ण नगरवासीहरुमा अबगत गराउन चाहान्छु। उक्त निर्माणाधिन स्वास्थ्य भवनको निर्माण कार्य तत्काललाई स्थगित गरी हाल सम्म निर्माण भई सकेको भनवनको गुणस्तर सम्बन्धमा सरोकारवाला सम्पुर्ण मानुभावहरु तथा प्राविधिक टोलीवाट अध्ययन गराई सो सम्बन्धमा के भएको हो, आम नगरबासीहरुमा छिट्टै जानकारी गराईने छ।

**यस नगरपालिका भित्र निर्माण हुने सबै सार्वजानिक सम्पतिहरुको गुणस्तरीयता कायम गर्न कनकाई नगरपालिका तत्पर रहेको छ। उक्त कार्यमा तपाई आम नगरबासीहरुको साथ सहयोग रहने बिश्वास नगरपालिकाले लिईएको छ।**

निर्माणाधिन प्राथमिक स्वास्थ्य केन्द्रको भवनको गुणस्तरियता कायम गराउन महत्वपुर्ण, रचनात्मक भुमिका खेल्नुहुने सुरुङगा निवासी जनसमुदायहरु प्रति नगरपालिका हार्दिक आभार व्यक्त गर्दछ। आगामी दिनमा पनि तापईहरुको खवरदारी तथा सल्लासुझावको अपेक्षा नगरपालिकाले राखेको छ। कनकाई नगरपालिका सार्बजानिक निर्माणमा गुणस्तरियता कायम गराउने दिसामा दृढ रहेको विश्वास सम्पुर्ण नगरवासीहरुमा विश्वास पुन एक पटक दिलाउन चाहान्छु।

राजेन्द्र कुमार पोखरेल
नगरप्रमुख
कनकाई नगरपालिका

२०७४/१२/१६